आठबीस नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
राकम कर्णाली दैलेख
कर्णाली प्रदेश,नेपाल

## यान्त्रिक उपकरण आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७५/१/२३ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका यान्त्रिक उपकरणहरु सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक,नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणत पत्र, नियमानुसारको तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० औं दिन सम्म छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस नगरकार्यपालिकाको कार्यालयको नाममा दैलेख बजार स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता च.हि.नं. ४०१०३०४०१८११० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको विडवण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र फाराम खरिद गर्ने ,दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने ,स्वीकृत नगर्ने ,रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७)वोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८)बोलपत्र सम्वन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेव साइट वा सूचना पाटी मार्फत जानकारी गराइनेछ ।

२०७५/१/२३

प्रमुख प्रशासकीय अधिकृत

९)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

१०)बोलपत्र सम्बन्धी थप जानकारी नगरपालिकाको वेव साइट www.aathabismun.gov.np,इमेल aathabismun@gmail.com ,फोन ०८९६९०४७५,सूचना पाटी मार्फत लिन सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | अनुमानित लागत रु | जमानत रकम |
|---|---|---|---|---|---|
| ०४/२०७४/०७५ | ब्याकहो लोडर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३०००/- | ४२,००,०००। | कबुल अंकको २.५% |
| ०५/२०७४/०७५ | टिपर अनुमानित ५ घ.मि. (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | २९,००,०००। | कबुल अंककोर२.५ % |
| ०६/२०७४/०७५ | 4WD Double Cab Pick up (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००।- | ३७,६०,०००। | कबुल अंककोर२.५ % |

२०७५।१।२३

आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,दैलेख